परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक २४ २०८० माघ १४ गते आईतवार Sunday 28, JAN 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## विराट देव सेवा समितिलाई देव दम्पतिद्धारा एक करोडको जग्गा प्रदान




विराट देव सेवा समितिलाई करीब १ करोडको जग्गा प्रदान गर्ने दम्पति हिराप्रसाद देव, श्रीमति गारीदवी बीचमा । तस्वीर : पदम

विराटनगर । विराट देव सेवा समितिले करीब एक करोड मुल्य पर्ने जग्गा दता देव दम्पति हिरा प्रसाद देव, श्रीमति गौरी देवी सहित जग्गा खरीद गर्न सहयोग गर्ने १ सय ६८ जनालाई शनिवार प्रमाणपत्र सहित सम्मान गरेका छन् ।

मधेश प्रदेशको सप्तरी जिल्ला राजविराज नगरपालि वडा नं. ११ हाल विराटनगर महानगर पालिका वडा नं. २ निवासी देव दम्पतिले १ कट्ठा ७ धुर जग्गा प्रदान गरेका छन् । ९ धुर जग्गा विराट देव समुदायबाट ५ हजार देखि २ लाख सम्मको सहयोग संकलन गरी खरिद गरिएको छ । ती सबै दाताहरुलाई प्रथम बार्षिक उत्सव तथा सम्मन कार्यक्रमको आयोजना गरी सम्मानित गरेको हो ।

प्रथम वार्षिक उत्सवका प्रमुख अथिती कोशी प्रदेश सभा सदस्य अमृत अर्याल लगायतका अतिथीहरुले जग्गा दाता र आर्थिक सहयोग गर्ने दताहरुलाई खादा र सम्मनपत्रले सम्मानित गरेका थिए । सोही अवसरमा अर्यालले विराट देव सेवा समितिका भवन निर्माणको लागि सक्दो आर्थिक सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

सोही अवसरमा विराटनगर वडा नं. १३ का वडा अध्यक्ष सुर्यलाल यादवले विराट देव सेवा समितिको सामुदायिक भवनको लागि १० लाख वडावाट उपलब्ध गराउने प्रतिवद्धता जनाएका थिए ।

वांकी अन्तिम पेजमा...

## थाक्स मोरंग जिल्लाको निर्वाचन स्थगित

विराटनगर । थारु कल्याण कारीणि सभा (थाकस) को मोरंग जिल्लाको निर्वाचण निर्वारित समय अर्थात माघ १० गते बुधबार नै हुने थाकस को जिल्ला सभापति पदका उम्मेदवार प्रदिप कुमार विश्वासले पत्रकार सम्मेलन गरी भनिएता पनि मोरंग जिल्ला अदालतका न्यायधीश जुद्धबहादुर आले मगरको इजलासले दिएको आदेशले माघ १० गतेको निर्वाचन स्थगित स्थगित भएको छ ।

जिल्ला अध्यक्षको रुपमा रही रहेका प्रदीप कुमार विश्वसलाई थाहै नदिईकन मोरंग बुढी गंगा-३ का प्रदीप विश्वासले निर्वाचन गराउन लागेको हुँदा सो निर्वाचन रोक्न माग गर्दै हालका उपाध्यक्ष प्रदीप भगत जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए ।

मगरको इजलासले माघ १० गतेको निर्वाचन वयथास्थितिमा राखी निर्वाचन नगर्नु, नगराउनु भी मुलुकी कार्यविधी संहिता, २०७४ को दफा १५८ तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ३४ बमोजिम विपक्षीका नाममा आदेश माघ ८ गते आदेश जारी गरेको हो ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा थारु कल्याणकारीणि सभा (थाकस) को जिल्ला सभापति पदका उम्मेदवार प्रदिप कुमार विश्वास पत्रकार सम्मेलनमा भने थाकस मोरंगको लेटर प्याड प्रयोग गरी माघ ७ गते प्रदीप कुमार भगत थारुले जिल्ला सभापतिको हैसियतमा निर्वाचन स्थगित गरिएको पत्र समाजिक सञ्जालमा सार्वजनिक भएपछि सो पत्र गलत भएको भन्दै भ्रममा नपरी निर्धारित समय अर्थात माघ १० गते नै निर्वाचन हुने भएकोले सम्पुर्ण थाकसका मतदाताहरु समयमै उपस्थित भई निर्वाचनमा आ-आफ्नो मतदान गर्न विश्वासले आह्वान समेत

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेश सरकारद्धारा दशवर्ष मुनिका बालबालिकाको निःशुल्क उपचार

विराटनगर । कोशी प्रदेश सरकारले प्रदेश भरिका १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार गर्न मुख्यमन्त्री केदार कार्कीको उपस्थितिमा प्रदेश स्वास्थ्य मन्त्रालयले कोशी प्रदेशमा रहेका चार वटा निजी अस्पतालसँग निःशुल्क उपचार गर्न सम्झौता गरेका छन् ।

मन्त्रालयले हाम्रो अस्पताल, विराट शिक्षण अस्पताल, नोबेल शिक्षण अस्पताल, काठमाडौं इन्टिच्यूट अफ चाइल्ड हेल्थ दमकसँग दुई पक्षीय सम्झौता गरी निःशल्क उपचार सुरू गरेको छ । दुई पक्षीय सम्झौता पत्रमा प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. सुधा देवकोटा, काठमाडौं इन्टिच्यूट अफ चाइल्ड हेल्थ दमकका डा.भगवान कोइराला, नोबेल अस्पतालका निर्लेशक डा. राजेश नेपाल लगायतले हस्ताक्षर गरेका थिए ।

मुख्यमन्त्री कार्कीले बच्चा अस्पतालमा भर्ना गरेर अभिभावकले ऋण खोज्न जाने दिनको कोशी प्रदेशमा अन्त्य भएको बताएका छन् । बालबालिका बिरामी भएपछि अस्पतालमा भर्ना गरेर ऋण खोज्न जाने, उपचार शुल्कमा छुट गराउनका लागि नेताको घर धाउने र उपचार खर्च तिर्न नसकेर मसान घाट लग्न फेरी नेताको घर धाउने र उपचारमा सबै सम्पति सकेपछि अन्त्यमा कात्रो किन्ने पैसा माग्नु पर्ने दिनको कोशी प्रदेशमा अन्त्य भएको बताउँदै अस्पताल प्रमुखहरूलाई सबै बालबालिकालाई आफ्नै छोराछोरी सम्झेर उपचार गरेर कुनैपनि बालबालिकाको उपचार अभावमा ज्यान जान नदिन आग्रह गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

विश्व नाथ भगत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ९ को कार्यालय



## विराट...

विराटनगर महानगर पालिका वडा नं.१३ सैनिक टोलमा दातावाट प्राप्त १ कट्ठा ७ धुर जग्गा र आर्थिक सहयोगवाट खरिद गरीएको ९ धुर जग्गा गरी जम्मा १ कठ्ठा १६ धुर जग्गामा वागेश्वरी मन्दिर र देव सामुदायिक भवन निर्माण गर्ने भएको छ। समितिको नाममा जग्गा उपलब्ध गराउन सुरक्षा अस्पतालकी सञ्चालक डा. रम्भा देवले बुबा हिरा प्रसाद देव र आमा गोरीदेवीसंग सहजीकरण गरि दिएको विराट देव सेवा समितिका अध्यक्ष राजेन्द्र प्रसाद देवले वताए।

उक्त जग्गामा बागेश्वरी देवी माताको मन्दिर, र सामुदायिक भवन निर्माण गर्ने योजना रहेको समितिका संस्थापक सह-सचिव जितेन्द्र देवले जानकारी गराउँदै भवन निर्माणको लागि सम्पुण देव समुदायलाई सहयोग गर्न आह्वान गरेका छन्।

प्रथम बार्षिक उत्सव तथा सम्मान कार्यक्रममा कोशी प्रदेशको मोरंग, झापा र सुनसरी र मधेश प्रदेशका देव समुदायहरुको उलेख्य उपस्थिति रहको थियो।

## थाकस...

गरेका थिए।

थाकस मोरंगको दशौं जिल्ला अधिवेशन २०८० असार ८ र ९ गते सम्पन्न भई निर्वाचनको लागि जिल्ला सभापति, पदाधिकारी, जिल्ला सदस्य र केन्द्रिय पार्सदहरुको उम्मेदवारी मनोनयन समेत भईसकेको थियो। समान्य विवादका कारण निर्वाचन रोकिएको थियो।

थाकसका पुर्व पदाधिकारी, बुद्धिजीवी तथा उम्मेदवारी मनोनयन गराएका थाकसका सदस्यहरुको पुस १५ गतेको बैठकले माघ ५ गते बुधवारको दिन निर्वाचन गर्ने सहमती भएता पनि जिल्ला प्रशासन कार्यालय मोरंगको सल्लाह र निर्देशनले शान्ति सुरक्षाको कारण देखाई माघ ५ गते हुने निर्वाचन स्थगित गरी माघ १० गते बुधवार थाकस मोरंगको सभाहलमा निर्वाचन हुने निर्वाचन अधिकृत जयराम पंजियारले सूचना जारी गरेको थियो।

सोही सूचना आधिकारीक भएकाले भ्रमपूर्ण सूचनामा कुनै सत्यता र बैधता नभएकोले निर्धारित समय माघ १० गते थाकस मोरंगको सभाहलमा उपस्थित भई निर्वाचनमा थाकसका मतदाताहरुले मतदान गरी निर्वाचनलाई सफल बनाउन विश्वासले हार्दिक आग्रह गरेको थियो।

थाकसको निर्वाचन सम्वन्धमा निर्वाचन अधिकृत पंजियारले निर्वाचन स्थगित भएको कुनै पनि सूचना प्रकाशन भएको छैन। थाकसको निर्वाचन निर्धारित समय अर्थात माघ १० गते बुधवारका दिन विहान ११ बजे देखि बेलुकी ५ बजे सम्म हुने समेत जानकारी गराएका थिए।

## कोशी...

मुख्यमन्त्री कार्कीले निजी अस्पताल पनि प्रदेश सरकार मातहतको नै भएकाले यसमा बच्चाको उपचारको लागि जुनसुकै उपकरण बिग्रिएको अवस्थामा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। कोशी प्रदेशमा ५ वर्षमुनिका एक हजार बालबालिकामध्ये ३४ जनाको मृत्यु हुने गरेको बाल मृत्यु दर कोशी प्रदेशमा रहेको मन्त्रालयले जनाएको छ।

# आचार्य समाजमा नयाँ कार्य समिति गठन



विराटनगर। आचार्य कल्याण समाजको ११ औं साधरणसभाबाट पुन : पदमप्रसाद आचार्यको अध्यक्षतामा १९ सदस्यीय नयाँ जिल्ला समिति गठन भएको छ।

मोरङको बेलबारीस्थित लक्ष्मीमार्गमा रहेको कौण्डिन्य आचार्यहरुको सांस्कृतिक केन्द्रमा बसेको साधारणसभाले २ वर्षे कार्यकालका लागि नयाँ समिति निर्माण भएको हो।

२०६४ सालमा स्थापित कल्याण समाजको उपाध्यक्षमा जयधर्म आचार्य, शिव आचाई र दुर्गा रिजाल आचार्य चयन भएका छन्। सचिवमा ठाकुर प्रसाद आचार्य, सहसचिवमा गणेश आचार्य र कोषाध्यक्षमा सन्तोष आचार्य चयन भएका छन्।

समाजको सदस्यहरुमा चक्रप्रसाद आचार्य, देवीप्रसाद आचार्य, गुणराज आचार्य, गोपाल आचार्य, लिलाप्रसाद आचार्य, मुरारी आचार्य, नारायण प्रसाद आचार्य (ए), नारायणप्रसाद आचार्य (बि), रोशन आचार्य, कालिप्रसाद आचार्य, विनिता भारती आचाई र जानूका दाहाल आचार्य चयन भएका छन्। उक्त साधरणसभाले जिल्ला कार्यसमितिको सल्लाहकारमा १४ जनालाई चयन गरेको छ। जसमा जीवन आचार्य, चुँडामणि आचार्य, बालकृष्ण आचार्य, भवकृष्ण आचार्य, मिन कुमार आचार्य, हरिप्रसाद आचार्य, गंगा प्रसाद आचार्य, शान्तिप्रसाद आचार्य, मिता आचार्य, हिराप्रसाद आचार्य, छत्रमणि आचार्य, अम्बिका प्रसाद आचार्य रहेका छन्।

साधरणसभाले सबै पालिका का आचार्य कल्याण समाजका अध्यक्षहरुलाई जिल्लाको पदेन सदस्य रहने निर्णय पनि गरेको छ। आचार्य बन्धुहरुको हकहित र सांस्कृतिक सम्पदाहरुको संरक्षणको लागि कोष खडा गर्न आगामी २०८१ मंसिरमा वृहत महायज्ञ पुराण लगाउने निर्णय समेत गरेका छन्।

अध्यक्ष पदम प्रसाद आचार्यले साधरणसभामा यसअघि भएका गतिविधि र आगामी योजना सहितको प्रतिवेदन पेश गरेका थिए भने कोषाध्यक्ष सन्तोष आचार्यले आर्थिक प्रतिवेदन पेश गरेका थिए। आवश्यक छलफलपछि दुवै प्रस्ताव सर्वसम्मतिले पारित भएको अध्यक्ष आचार्यले जानकारी दिए।


## चिसो मौसममा मुटु लगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान र मध्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेष्ट्रोल,रक्तचाप, मधुमेह जस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परिक्षण गरौं, जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

जीतन थापा (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ४ को कार्यालय

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं।

## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक

कोशी अस्पताल को अगाडी, विराटनगर

### बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।

समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सय दिन, उपलब्धी विहीन

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीको नेतृत्वमा २०८० साल असोज २७ गते गठन भएको सरकारलाई पुर्णता दिन नसक्ने मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालयले १ सय दिनका उपलब्धी सार्वजनिक गरेका छन् । कोशी प्रदेश सरकारलाई पुर्णता दिएको भए त्यो एउटा ठुलो उपलब्धी हुन्थ्यो होला । सम्बन्धीत मन्त्रालयमा जनताले मन्त्री पाउन सकेको छैन । आम जनताको लागि महँगी अकाशिदो छ । बेरोजगारी बढ्दै गइरहेको छ । त्यता तिर केही नगरी प्रदेश सरकारलाई आर्थिक भारलाई सवल बनाउनुको सट्टा आर्थिक भार थप्ने कामलाई उपलब्धीको रुपमा लिएका छन् ।

प्रदेश सरकारले उपब्धीको रुपमा लिएका कामहरुमा विराटनगरमा शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन, सुनसरीको इटहरी उपमहानगरपालिका-११ मा एक सय शय्याको जलन अस्पताल निर्माणका लागि जनस्वास्थ्य सरोकार ट्रष्टसँग सम्झौता, प्रदेश सरकार मातहतका प्रादेशिक अस्पतालका साथै चार वटा निजी अस्पतालबाट १० वर्ष मुनिका बालबालिकाको निःशुल्क उपचार सुरु, सात वटै प्रदेशका मुख्यमन्त्रीहरुको हेटौंडा भेलाले संविधान कार्यान्वयनका लागि समन्वय र संघर्ष गर्ने निर्णय गरी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ध्यानाकर्षण पत्र बुझाएपछि प्रधानमन्त्रीबाट १५ दिनभित्र प्रहरी समायोजन गर्ने घोषणा, प्रदेशको पुनः नामकरण गर्ने आन्दोलनरत पहिचान पक्षधरसँग समस्या समाधानका लागि वार्ता समिति गठन, अनुशासित चालक तथा सुरक्षित सडक अभियान प्रदेशका सबै स्थानमा सुरुआत लगायतका काम गरेको सार्वजनिक गरेका छन् ।

यी कामहरुबाट आमजनतालाइ त फाईदा पुग्छ । तर ती सवै योजनाहरुमा खर्च मात्र हुन्छ । ती खर्चलाई व्यवस्थापन गर्ने स्रोत साधनको छैन् । एउटै अस्पतलको नाम चार चोटी फेरर प्रदेशको विकास हुन्छ । सरकारै पिछे नाम फेरनेकाम गरेर प्रदेशमा समृद्धि आउँदैन । प्रदेशको समृद्धि गर्ने हो भने उत्पादन मुलक काम, वेरोजगारी समस्या समाधान र आम प्रदेशवासीलाई शिक्षा र स्वास्थ्य निःशुल्क हुनु पर्छ । यस्तै उपलब्धी विहीन काम गरेमा ९ महिनामा पनि अहिलेको सरकार पूर्णता पाउने सम्भावना देखिदैन ।

# प्रजिअको बोली र प्रहरीको गोली !

**शिवजी श्रेष्ठ**

केही दिनअघि ललितपुरको बालकुमारी र सर्लाहीको बरहथवामा भएका आन्दोलनमा प्रहरीको गोली लागेर तीन जनाको मृत्यु भयो ।

घटनापछि बालकुमारी र सर्लाही दुवैका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) ले प्रहरीलाई गोली हान्न आदेश नदिएको भने ।

यसपछि सुरक्षा वृत्त र अन्यत्र पनि यस्तो अवस्थामा प्रहरी संगठनले कसरी काम गर्छ भन्ने चासो र चर्चा सुरू भएको छ ।

जनजीवनको सुरक्षामा तीनवटा पक्ष अगाडि आउँछन्- जिउ, धन र इज्जत। हरेक व्यक्तिका यी तीन पक्षको सुरक्षा गर्ने दायित्व राज्य र मातहतका सुरक्षा निकायको हो। सुरक्षाको कामको सूत्र पनि तीनवटै हुन्छ- आवश्यकताको सिद्धान्त, कमभन्दा कम बल प्रयोग, परिस्थितिको आवश्यकता ।

उपर्युक्त आधारमा सुरक्षा निकाय र सुरक्षाकर्मीले बल प्रयोग गर्छन् ।

हतियारयुक्त तीनवटा सुरक्षा संगठनमध्ये नेपाली सेना परिचालन भएको अवस्थामा सैनिकले गोली हान्न कसैको अनुमति लिनु नपर्ने व्यवस्था छ ।

सशस्त्र प्रहरी बल नियमावली ले सशस्त्र प्रहरीलाई कार्यक्षेत्रमा आवश्यक परे आफैंले निर्णय गरी गोली हान्न सक्ने अधिकार छ । सशस्त्र प्रहरी नियमावली, २०७२ मा कर्तव्य पालनाका क्रममा कहीँबाट बाधा/अवरोध भए अन्तिम बल प्रयोग गर्न अर्थात् गोली चलाउन कसैलाई सोध्नु नपर्ने व्यवस्था छ ।

नेपाल प्रहरीलाई पनि गोली हान्ने अधिकार छ तर शान्ति सुरक्षाको क्रममा खटिँदा जिल्ला सुरक्षा प्रमुखका हैसियतमा रहेका प्रमुख प्रजिअसँग अनुमति लिनुपर्ने व्यवस्था छ ।

प्रहरीलाई नेपालको आन्तरिक सुरक्षाको मुख्य जिम्मेवारी दिइएको छ । बल प्रयोग गर्न पाउने विशेष अधिकार पनि कानुनले दिएको छ । गोली हान्ने अधिकार पनि छ । त्यस्तो अधिकार प्रयोग गर्दा चरणबद्ध प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । प्रहरीले सकेसम्म कमभन्दा कम बल प्रयोग गर्ने प्रयास गर्नुपर्छ । गोली हानेपछि घाइते हुने र ज्यानै जान सक्ने भएकाले प्रहरी सचेत रहनुपर्छ ।

दिनभरको थकान, पर्याप्त खाना र आरामको अभाव र भिडले आफूमाथि गरेको निरन्तरको प्रहारले कहिलेकाहीँ प्रहरीले धैर्य गुमाएर आवश्यकताभन्दा बढी बल प्रयोग गर्न सक्छ । यसतर्फ प्रहरी र प्रहरी परिचालन गर्ने पक्षले ध्यान दिन आवश्यक हुन्छ ।

स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जिल्लामा सुरक्षाको नेतृत्व प्रजिअले गरेको हुन्छ। प्रजिअकै निर्देशनमा शान्ति-सुरक्षाका लागि प्रहरीले आवश्यकता अनुसार बल प्रयोग गर्छ ।

प्रहरीले भिड नियन्त्रण गर्न बल प्रयोग गर्नेबारे स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले व्यवस्था गरेको छ । कुनै हिंसात्मक कामकारबाही हुने वा हुलदंगा हुने र भिडले हिंसात्मक वा ध्वंसात्मक गतिविधि गरी शान्ति भंग हुने सम्भावना देखिएमा प्रजिअले प्रहरीमार्फत रोक्न लगाउने प्रावधान छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) क मा '...प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई...' भन्ने प्रावधान छ । अर्थात् प्रहरीले मात्र नियन्त्रण गर्न नसकेको अवस्थामा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गएर वा आफू मातहतका अधिकृतलाई पठाएर सकेसम्म सम्झाई शान्ति कायम गराउनुपर्छ भनिएको छ । यसबाट पनि नभएमा प्रहरीको मद्दतले आवश्यकता र परिस्थिति अनुसार लाठीचार्ज, अश्रुग्यास, पानी फोहोरा र हवाई फायर जस्ता बल प्रयोग गरी शान्ति कायम गराउनुपर्ने व्यवस्था छ ।

उपर्युक्त उपायले पनि शान्ति कायम गराउन नसकिने भई गोली चलाउन आवश्यक भएमा भिडलाई पछि हट्नू र नहटे गोली चलाइने छ भनेर स्पष्ट बुझिने गरी चेतावनी दिनुपर्ने प्रावधान छ ।

त्यति गर्दा पनि भिड हटेन र गोली चलाउनै पर्ने भयो भने प्रजिअले घुँडामुनि पर्ने गरी गोली चलाउन आदेश लेखी सही गरिदिने प्रावधान छ ।

प्रजिअले जिल्लामा शान्ति-सुरक्षा कायम गर्न प्रहरी अधिकृतलाई आवश्यकताअनुसार भ्याएसम्म लिखित र नभ्याएमा मौखिक आदेश दिनुपर्ने व्यवस्था ऐनमा छ। मौखिक आदेश दिएकोमा बढीमा २४ घन्टाभित्र लिखित रूपमा आदेश समर्थन गर्नुपर्ने प्रावधान पनि छ ।

यिनै प्रावधानका आधारमा प्रजिअको मातहतमा प्रहरीले शान्ति-सुरक्षा कायम गराउँछ ।

शान्ति-सुरक्षा कायम गर्ने सिलसिलामा सामान्य बल प्रयोग गर्न खास समस्या देखिँदैन तर स्थिति नियन्त्रण गर्न ठूलै बल प्रयोग गर्नुपर्ने अवस्थामा विवाद देखिने गरेको छ ।

विशेष गरी निर्वाचनको समयमा प्रजिअको लिखित आदेश लिएको कुनै अधिकृत प्रहरीसँगै खटिने गरे पनि अन्य अवस्थामा त्यस्तो अधिकृत प्रहरीसँग हुँदैन। प्रहरीसँगै फिल्ड (घटनास्थल) मा रहेको प्रजिअले हुलदंगा वा भिड नियन्त्रणका लागि स्थानीय प्रहरी प्रमुखसँगै कमान्ड पोस्ट बनाएर परिस्थितिको अवलोकन गरेको हुन्छ र सोहीअनुसार आदेश दिन्छ ।

प्रजिअको जिम्मेवारी सिधै प्रहरीको मनोबलसँग जोडिएको हुन्छ । प्रजिअप्रति प्रहरीको विश्वास र भरोसा हुन्छ । यसैअनुसार प्रहरी कारबाही निर्धारित हुन्छ ।

म प्रहरी सेवामा रहँदा दुई जना प्रजिअसँगको कार्यअनुभव सम्झिन्छु ।

म जिल्ला प्रहरी कार्यालय, उदयपुरमा थिएँ। सशस्त्र द्वन्द्वको समय थियो । प्रजिअ थिए सीताराम पोखरेल, कुशल प्रशासक। सुरक्षासम्बन्धी सूचना राख्ने, परिस्थितिको अध्ययन गर्ने र सम्भावित घटना अनुमान लगाउन सक्ने खुबी थियो। प्रहरीसँगै फिल्डमा खटिन्थे, फिल्डबाटै आदेश दिन्थे ।

२०६० सालको घटस्थापना को दिन विद्रोही माओवादीले सडक जाँचमा खटिएको प्रहरी टोलीमाथि आक्रमण गरेर तीन जना प्रहरी मारे । प्रजिअ पोखरेलले आफैं घटनास्थल पुगेर आदेश दिए । उनी हुलदंगा र गुन्डागर्दी गर्नेलाई यसरी कारबाही गर्ने हो भन्दै प्रहरीलाई सिकाउँथे । बेलाबखत नेपाली सेनाका जनरल (ब्रिगेडियर) सँग पनि बहस गर्थे ।

प्रजिअ पोखरेलसँग हिँड्न र काम गर्न प्रहरी अधिकृतहरू सजिलो र सुरक्षित महसुस गर्थे ।

म उदयपुरबाट सरूवा भएर लमजुङ पुगेँ । त्यहाँ ठीक विपरीत स्वभावका प्रजिअसँग काम गर्नुपर्‍यो । म लमजुङमा हुँदा सशस्त्र द्वन्द्व चरम अवस्थामा थियो । म निमित्त जिल्ला प्रहरी प्रमुखका रूपमा कार्यरत थिएँ ।

त्यही समय एक रात ११ बजेतिर लमजुङको एउटा विद्युत टावरमा रहेको सेना र प्रहरीको संयुक्त टोलीमाथि माओवादीको भीषण आक्रमण भयो । आकाशमा नाइट भिजन हेलिकप्टर घुम्न थाल्यो। यता जिल्ला प्रहरी कार्यालयमा पनि आक्रमण हुन सक्छ भनेर मैले प्रजिअलाई खबर गर्न एक प्रहरी पठाएँ । आफू प्रतिकारको तयारीमा लागेँ ।

मैले पठाएका प्रहरी एक छिनपछि एक्लै आइपुगे। मैले सोधेँ-एक्लै आयौ त, खोइ सिडिओ सा'ब ?

उनले सुनाएको कुराले म अचम्म परेँ उनी त यस्तो राति किन उठाएको भनेर रिसाएछन् पो !

प्रजिअको सुरक्षासमेत ध्यानमा राखेर म आफैं उनको निवासमा गएँ र झ्यालबाट बोलाएँ ।

मसँग पनि झर्किंदै सोधे- किन आउनुभयो ?

मैले झ्यालबाटै परिस्थिति बताएँ।

उनले फेरि सोधे- अनि के भयो त ?

माओवादीले आक्रमण सुरू

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६


### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००८०१३०
इ.प्र.का. उर्लाबारी ०२१-५४०००२
सिमा प्रहरी चौकी ०२१-४३५८४०

# राम एक अर्थ अनेक (भाग १)



जय प्रकाश महतो

वास्तवमा “राम” शब्द एक तर अर्थ अनेक रहेको छ । मैले यहाँ रामको अर्थलाई चर्चा गर्न चाहेको छु । जसरी समुन्द्र र ईनारको तुलना कुनै कालमा सम्भब छैन् त्यसरी नै भगवान रामको अर्थलाई ईनारको एक वाल्टीन पानीको रुपमा यहाँ उल्लेख गर्न खोजेको हुँ । जसरी तिर्खा लागेको व्यक्तिलाई एक थोपा पानीले स्वाद प्राप्त त हुन सक्छ तर तिर्खा मेटाउन सक्दैन् । त्यसैले राम को बारेमा केही भन्न मात्र खोजेको हुँ । गाँउ घरको लोकाचारीमा वर्षौं देखी प्रयोग हुदै आएको मान्यता जुन हाम्रा बुवा बाजेहरुले राम शव्दलाई बहुत मार्मिक भावले समय समयमा प्रस्तुत गर्नु हुन्थ्यो । त्यसैले एउटा भाव प्रष्ट देखिन्छ कि राम नाम जप गर्नाले संसारको सबै थोक प्राप्त गर्न सकिन्छ ।

१) “राम” शब्द प्रथम अंकको लोक तात्विक नाम हो । कृषकहरुले वा साहुकारले तौल गर्दा शुरुको तौललाई रामे जी राम भनेर तौलिन्छ । यसको अर्थ पहिलो वा एक हो । त्यस पछि रामे जी राम दुई । त्यसपछि क्रमश: नम्बरमा तौलिन्छ । रुपैया गन्दा पनि पहिला रुपैयालाई रामे जी राम भनेर गनिन्छ । आदी आदी

२) सूर्यवंशी रघुवंशी राजा दशरथ पुत्र राम अयोध्याको अधिपति र लोककल्याणकारी राजाको रुपमा मात्र नभई समस्त जीव कै कल्याणकारी रहेकाले रामलाई भगवानको दर्जा र बिष्णुको अवतार भनेर चिनिन्छ ।

३) राम शब्दका तत्व बिचार यस प्रकार छन् ।

र+अ+म अथवा र+आ+म

र=अग्नि तत्व, अ=सूर्य तत्व, म=चन्द्र तत्व समस्त लौकिक पदार्थको नियमक । यही हो रामको ज्ञानमयी स्वरुप ।

४) गोस्वामी तुलसीदासले रामलाई दुई भागमा मात्र बिभाजित गर्नु भएको छ । रा+म अर्थात तुलसीदासको अनुसार राम शब्द ज्ञानमय होइन् भावमय स्वरुपको कल्पना गर्नु भएको छ । भगवान श्रीरामको पुजा अराधना बहुत धुमधामको साथै भक्ति भावले गरिन्छ ।

५) राम=रा+म यसको अर्थ, (क) “रा” अर्थ सावन माह, बाँया नेत्र(सबै वर्ण र तुलसी को प्रिय राम, जसलाई ब्रहा, नर, बायाँ कानको धुंधरुदार गहना, विमल विधु, स्वाद, कर्मठ (कच्छप अबतार) हो । यसमा ज्ञान, कर्म र भक्तिको सबै तात्विक प्रसंग पाईन्छ ।

(ख) “म” अर्थ नारायण, दायाँ कानको धुंधरुदार गहना, तोष, शेष, हलधर र कुमुटमणि भनेको छ । यस भावको बिश्लेषणमा पूर्व बिम्बको शोभा व्यक्त हुन्छ । त्यसैले, दुई अक्षरले बनेको “राम” नाम बन्दनीय छ । उहाँ अग्नि, सूर्य र चन्द्रको कारण हो । यसको भक्तिमा त्रिदेव पाईन्छ । अर्थात, सृष्टि, पालन र प्रलयको तिनै कर्मशक्तिवाट सम्पन्न हुनु हुन्छ राम ।

६) राम शब्दको उल्टा जप गर्दा पनि पुण्यफल प्राप्त हुन्छ । अत: राम नाम जप गर्नको लागि कुनै बिधि बिधानको आवश्यकता छैन् । राम शब्द जप गर्नाले सहस्त्रनाम (राम नाम) को तुल्य हो । त्यसैले शंकरको साथमा बसेर पार्वती पनि राम नामको जप गर्नु हुन्छ ।

७) मिथिलाको दुल्हा बाबु भनेर पनि चिनिन्छ ।

बिभिन्न तरिकाले भगवान श्रीरामलाई पुजा गर्छन् । उहाँको जन्म चैत्र शुल्क, नवमीको राम जन्म दिन मनाउने परम्परा रहेको छ ।

स्रोत :पेज १६८–१७०, बिहार लोक संस्कृति कोश ( मिथिला–खंड), लेखक डा. लक्ष्मी प्रसाद श्रीवास्तव

**श्रीरामको जन्म नवमी को दिन किन ?**

मर्यादा शब्द भगवान रामद्धारा प्रदत्त एक पहिचान र बिषेशताले भरिएको छ । जसरी शिशाको ग्लासलाई जताबाट हेरिन्छ त्यतैबाट आफनो अनुहार देखिन्छ त्यसरी नै जब मर्यादा शब्दको उचारण गरिन्छ अनि हामी भगवान रामको चरित्र, स्वाभाव, व्यवहार, आर्दश, धैर्यता र कर्मलाई सम्झन्छौं । आफनो कर्ममा सर्तकता अपनाउछौं । चैत्र शुल्क नवमीको दिन भगवान रामको जन्म दिन आदर भावले मनाउने गरिन्छ ।

अयोध्याको राजवंश ईक्ष्वाकु कुलमा महानप्रतापी राजा दशरथको पत्नी जेष्ठ राणी कौशल्याको गर्भवाट मध्याह्व १२:०० बजे चैत्र शुल्क नवमीको दिन भगवान रामको जन्म भएको हो । “त्रेतायां रघुनन्दन :” ब्रह्यांडपुराण को यस उक्ति अनुसार श्रीराम भगवान बिष्णुको अवतार थियो । स्रोत : “हम पहचानें, अपनी संस्कृति एवं परम्परा को” नामक पुस्तक लेखक साधु अक्षरजीवन दास, प्रकाशक : स्वामिनारायण अक्षरपीठ, शाहीबाग, अहमदाबाद–३८० ००४.

हजारौं वर्ष पहिला चैत्र शुल्क नवमीको दिन नै भगवान रामको जन्म भएको हो । त्यही दिनलाई ९(नौं) शब्द/अक्षरको पनि जन्म भएको मानिन्छ । सूर्यवंशको प्रतिक भगवान रामको जन्म भएकोले पनि ९(नौं) अंकलाई अन्तिम अंक मानिएको हो । अर्थात अंकहरुको गणनामा अन्तिम अंक वा सब भन्दा ठुलो अंक वा श्रेष्ठतम् वा त्यो भन्दा ठुलो कोई अंकहरु पनि नरहेको संकेत गरेको छ । जसरी ९(नौं) अंकको तुलना गर्न सकिदैन् त्यसरी नै भगवना रामको जस्तो मर्यादा पालक अरु काईपनि हुन सक्दैन् र तुलना हुन सक्दैन् भन्न खोजिएको हो । ९(नौं) को पछि अरु कुनै अंक कुनै भाषामा पनि हुन सकेन् । जति संख्या निर्माण गरेपनि ०,१,२,३,४,५,६,७,८,९ लाई मात्र प्रयोग गरेर संख्याको निर्माण गरिन्छ, जसमा सब भन्दा ठुलो संख्या ९९९९९ मात्र हुन सक्छ । अर्थात कुनै संख्याको अन्तमा ९ छ भने मात्र त्यो ठुलो सख्या हुन्छ । ठिक त्यस्तै, भगवान राम ९(नौं) अंकलाई छानेर त्यही दिन यस पृथ्वीलोकमा अबतरित हुनु भयो । यही ९ अंकहरुमा सम्पूर्ण अंक गणित समोबश रहेको पाईन्छ । भगवान राममा पनि सबै भगवानहरुको वास पाईन्छ । त्यसैले भगवान रामको मात्र नाम जप गर्नाले सबैको मनोकामना पुरा हुन्छ ।

हजारौं वर्ष पहिला जन्मेको भगवान रामको भावना र भाव कथा कहानी आदी मार्फत पनि जन जनमा चर्चित रहेको पाईन्छ । अनेक काल, अनेक राजा, अनेक सम्राटहरु भए तर भगवान राम जस्तो कोईपनि हुन सकेन् । त्यसैले राम पुरुषोंत्तम भनेर पनि चिनिन्छ , अर्थात सबै पुरुषमा श्रेष्ठ उत्तम श्रेणीको भनेर पनि भनिन्छ । सबै गुणको खजाना हो जसलाई सुरक्षित राख्नको लागि सन्दुक, तिजौरी, कोठी, महल चाहिदैन् । राम यति नरम कोमल छ कि जसलाई हामीले आफनो हृदयमा मात्र सुरक्षित राख्न सक्छौं । राम जस्तो अनमोल अमूल्य गहनालाई ।

रामको जन्म चैत्र शुल्क नवमीको दिन र माता सीताको जन्म बैशाख महिनाको नवमीको दिन जन्म भएकोले पनि राम सीता श्रेष्ठ भएको अनुमान गर्न सकिन्छ ।

अयोध्या र अबधको अर्थ :

अयोध्या : हिंसासर्थक युध धातुद्धारा योध्य:/ योध्या बन्छ । न युध्या अर्थात् अयोध्या यस किसिमको पनि यसको व्युत्पति र बिग्रह हुन सक्छ ।

अबध :अवधी नामाकरणको सन्र्दभमा अवध शब्द हिंसार्थक वध् धातुद्धारा पाणिनीय व्याकरणको आधारमा अच् प्रत्यय जोडिएर बनेको छ ।

माथिका दुवै व्युत्पित्तिका आधारमा के भन्न सकिन्छ भने अयोध्या र अवध दुवै हिंसारहित क्षेत्र अर्थात् शान्ति क्षेत्र वा वैष्णव क्षेत्रका रुपमा चिनिन्छन् ।

यसले सावित गर्दछ कि अवध वा अयोध्या क्षेत्र राज्यमा वैष्णवहरुको शासन रहेकोले हत्या हिंसा नभएको बताईन्छ । यसले सूर्यवंशी राजाहरु वैष्णव रहेको संकेत गर्दछ । जसको कारण कुशवाहा जातिमा वैष्णवको प्रत्यक्ष प्रभाव रहेकोले कुशवाहाहरु प्राय: वैष्णव रहेको पाईन्छ ।

(स्रोत : नेपाली लोकवार्ता पेज नं. ३८, भाग ६, लेखक : विक्रममणि त्रिपाठी, प्रकाशक : लोकवार्ता परिषद्, नेपाल, प्रधान सम्पादक डा. कुलराज निरौला) ।

अयोध्या र अबध शब्दहरुलाई भारतीय हिन्दी शव्द कोशले पनि प्रमाणित गरेको छ । बर्तमान अयोध्या, अबध र राजा जनकको भुमि जहाँ युद्ध हाईन ज्ञानको चर्चा हुन्थ्यो, बाल्मीमिको स्थान जहाँ ज्ञानको चर्चा हुन्थ्यो, भगवान गौतमबुद्धको स्थान जहाँ युद्ध र हिंशाको परिकल्पना समेत गर्न सक्दैन्थ्यो त्यो भुमि नेपाल हो भने इतिहासले प्रमाणित गर्छ ।

## हिसान मोरंग स्पोर्ट्स मीट १० गते देखि १६ सम्म



विराटनगर । हिसानको मूल मन्त्र, शिक्षा र खेलकुद बलियो संयन्त्र नाराका साथ माघ १० गते देखि १६ गते सम्म हुने हिसान मोरंग स्पोर्ट्स मीट प्रतियोगिता शुरु भएको छ ।

खेलकुदको माध्यमबाट अनुशासन कायम राख्न, स्वस्थ र सार्वभौमिकताको रक्षा गर्नसक्ने देशभक्त नागरिक उत्पादन गर्न, धुम्रपान, मद्यपान तथा लागुपदार्थको कुलतबाट युवाहरुलाई बचाइ राष्ट्रियस्तर का खेलाडीहरु तयार गरी हिसानको मात्रै नभई देशकै नाम संसारभर चिनाउने महान उदेश्य राखि बि स २०६५ सालमा नेपालमै पहिलो पटिक बिराटनगर मोरङमा रमपम हिसान स्पोर्ट्स मीट विभिन्न अवरोधको बाबजुद पनि फूटबल र क्रिकेट प्रतियोगिता आयोजना गरिए थियो ।

हिसान मोरङ्ले साबिकम सन्चालन गर्दै आएको खेलको अतिरिक्त महिला फूटबल र कबडी खेलको पनि थप गरी हिसान मोरङले महिला फूटबल प्रतिस्पर्धा गराएर अर्को एउटा नयाँ गर्बिलो इतिहास रच्दै छ ।

मोरङ हिसान स्पोर्ट्स मिट्मा महिला र पुरुष फूटबल, पुरुष तथा महिला भलिबल, पुरुष क्रिकेट, पुरुष बास्केटबल, पुरुष कबडि पुरुष एबम महिला टेबल टेनिस सिङल र डबल, लामो र छोटो दुरिको दौड प्रतियोगिता आयोजना भई रहेको छ ।

मोरंग जिल्ला भरीका संस्थागत विद्यालय र कलेजका कक्षा ११ र १२ मा अध्ययन गर्ने लगभग २५ हजार विद्यार्थीहरु मध्येवाट आन्तरीक प्रतिस्पर्धावाट छनौट गरी उत्कृष्ट विद्यार्थीहरु वीच प्रतिस्पर्धा गराई सिगल र टिम इभेन्टमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पठाउने काम हिसानले गर्दै आएको छ ।

हिसान स्पोर्ट्स मिटमा फुटबल तर्फ २४ टिम सहभागी भएका छन् जसमा बेस्ट स्कोरर, बेस्ट किपर र बेस्ट प्लेयरका साथै २२ वटा म्यान अफ द म्याच दिने छन् । त्यसैगरी २१ टिम सहभागी भएको भलिबल खेलमा बेस्ट स्पाइकर, रेजर, इसकर, सर्भर र डिफेन्सरका साथै १९ वटा म्यान/वोमन अफ द म्याच दिने छन । क्रिकेट खेलमा पनि बेस्ट बलर, बेस्ट ब्याट्स म्यान, र बेस्ट प्लेयरका साथै १३ वटा म्यान अफ द म्याच दिने छन् ।

हिसान मोरङ्से फूटबल र भलिबलमा प्रथम र दोस्रो हुने टिमलाइ ट्रफी र प्रमाणपत्र एबम खेलाडीलाइ मेडल र प्रमाणपत्रले सम्मान गर्दछ भने बास्केटबलमा प्रथमलाइ, लामो र छोटो दुरिको दौडका साथै टेबलटेनिसमा प्रथम, दोश्रो, तेस्रो र चौथो हुने महिला तथा पुरुषलाइ ट्रफी, मेडल र प्रमाणपत्रले सम्मान गर्ने गर्दछ ।

क्रिकेट खेल बिराटनगर १९ स्थित क्रिकेट रंगशाला माघ १० गतेबाट शुरु भएको छ भने फुटबल माघ १० गते दिनको १० बजे शाहीद रंगशालामा र भलिबल, कबडि, बास्केटबल माघ १० बिहानको ०९:३० बजे बाट डि पि एस स्कुलमा सुरु भई सकेको छ । साथै टेबलटेनिस कवर्ड हलमा हुने छ । फाइनल खेल र समापन कार्यक्रम माघ १६ गते सहिद दिवसको दिन सहिद रंगशालामा सम्पन्न गर्ने भएको छ । हिसान स्पोर्टस मीट्को अनुमानित खर्च रु. २५ लाख हुने प्रक्षेपण गरिएको छ । जसको ब्याबस्थापन आन्तरिक श्रोतबाट नै गरिने भएको हिसान मोरंग अध्यक्ष अमित ढकालले वताए ।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

काजी बहादुर बस्नेत (वडा अध्यक्ष)

विराटनगर महानगरपालिका वडा नं. १ को कार्यालय



## सूचना सूचना सूचना


सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय

विराटनगर प्रदेश नं. १

# कोशीको राष्ट्रियसभामा यसरी बिग्रियो सत्ता गठबन्धनको गणित

विराटनगर। कोशी प्रदेशमा राष्ट्रियसभा निर्वाचनमा सत्तारुढ गठबन्धन करिब ८०० मतभार धेरै हुँदा पनि महिला कोटामा नेकपा एमालेकी रुक्मिणी कोइरालाले सप्राइज जित निकालेकी छन्। सत्ता गठबन्धनबाट अन्य कोटामा उम्मेदवार भएका काँग्रेसका कृष्णप्रसाद सिटौला विजयी बन्दा महिला कोटामा उम्मेदवार रहेकी नेकपा माओवादी केन्द्रकी चम्पा कार्की पराजित भएकी हुन्।




अन्य कोटाको विजय उम्मेदवार कृष्ण प्रसाद सिटाला र महिला कोटाको एमालेकी रुक्मिणी कोइराला।

राष्ट्रियसभा निर्वाचनमा सत्ता गठबन्धन र एमाले-राप्रपा गठबन्धन चुनाबी मैदानमा थिए। प्रदेशसभाका सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता रहने चुनाबमै ठूलो संख्यामा फ्लोर क्रस भएको देखिएको छ। गठबन्धनको मतभार दायाँबायाँ नहुँदा ५ हजार ३९८ हुन्थ्यो। त्यसमा सिटौलाले १०६ मत कम पाए भने कार्कीले ४०५ मत कम प्राप्त गरिन्।

बिहीबार सम्पन्न निर्वाचनको मतपरिणामअनुसार सिटौलाले राप्रपाका उम्मेदवार उद्धव पौडेललाई ७३० मतान्तरले पराजित गरे। सिटौलाले कूल ५२९२ मतभार प्राप्त गरे भने पौडेलले ४५६२ मतभार प्राप्त गरे। यस्तै उम्मेदवार निस्कृय बनाएको एमालेका पर्शुराम अधिकारीले १२९ मतभार प्राप्त गरे। स्थानीय तहका ५ जना प्रतिनिधिको ९५ मत बदर भयो।

सिटौलाले प्रदेशतर्फ ४५ सांसदको मत पाउँदा उद्धव पौडेलले ४७ सांसदको मत पाए। यस्तै उम्मेदवारी निष्क्रिय बनाएपनि एमालेका पर्शुराम अधिकारीले १ सांसदको मत पाए। स्थानीय तहतर्फ सिटौलाले १५३ जनाको मत पाउँदा पौडेलले १०९ जनाको मात्रै मत पाए। यस्तै एमालेका पर्शुरामले ४ जनाको मत पाए भने ५ मत बदर भयो।

राष्ट्रियसभामा प्रदेशसभामा ९३ र स्थानीय तहका २७४ जना मतदाता थिए। जसमध्ये सत्ता गठबन्धनका प्रदेशसभा सदस्य ४७ र एमाले गठबन्धनका ४६ थिए भने स्थानीय तहतर्फ सत्ता गठबन्धनका १५५ र एमाले गठबन्धनका ११६ मतदाता थिए। स्थानीय तहका ३ स्वतन्त्र मतदाता थिए। निर्वाचनमा धरानका मेयर हर्क साम्पाङले निर्वाचन बहिष्कार गरे भने मोरङको ग्रामथानका अध्यक्ष जयप्रकाश गच्छदार विरामी भएकोले मतदानमा उपस्थित हुन सकेनन्।

झापाको झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले भ्रष्टाचार मुद्दाको कारण मत दिन पाएनन्। स्वतन्त्रबाट निर्वाचित ओखलढुङ्गाको मानेभञ्ज्याङ नगरपालिका प्रमुख ज्ञानेन्द्र रुम्दाली र भोजपुर साल्पा सिलिछो गाउँपालिकाका दौलत राईले मतदान गरे।रुम्दाली काँग्रेस र राई एमालेबाट विद्रोह गरेर चुनाब जितेका थिए।

महिलातर्फको निर्वाचनमा भने सत्ता गठबन्धनकी उम्मेद्वार माओवादीकी चम्पा कार्कीलाई एमालेकी रुक्मिणी कोइरालाले सप्राइज जित निकालिन्। कोइरालाले ५०८६ मत ल्याउँदा गठबन्धनका तर्फबाट माओवादीकी कार्कीले ४९९२ मत मात्र पाइन्। उनले कोइरालाले ४९ सांसदको मत पाउँदा कार्कीले ४४ जनाको मात्रै पाइन्। यस्तै स्थानीय तहबाट कोइरालाले १३१ जनाको २ हजार ४८९ मत पाउँदा कार्कीले भने १४० जनाको २ हजार ६५० मत पाइन्।

सत्ता गठबन्धनका दुई उम्मेद्वार सिटौलालाई गठबन्धनका २ सांसदले मत दिएनन्। गठबन्धनका ४७ सांसद भएपनि उनले ४५ मत मात्र प्राप्त गरे। उनलाई स्थानीय तहका भने गठबन्धनका सबैले मत दिएको देखिएको छ। स्थानीय तहमा गठबन्धनको १५५ मतदाता रहेकोमा २ अनुपस्थित रहँदा उनले १५३ मत पाए।

कार्कीलाई भने ठूलो संख्यामा अन्तरघात भएको देखिएको छ। उनले प्रदेशसभाका ३ र स्थानीय तहका १३ मतदाताले मत दिएनन्। गठबन्धनका ४७ प्रदेशसभा सदस्यमध्ये उनले ४४ जनाको र १५३ स्थानीय तहका जनप्रतिनिधिमध्ये १४० जनाको मात्र मत प्राप्त गरिन्।

प्रदेशसभामा एमाले-राप्रपा गठबन्धनको ४६ सांसद रहेकोमा एमाले उम्मेदवार कोइरालाले ३ मत थप गर्दै ४९ मत पाइन् भने स्थानीय तहमा ११६ मत रहेकोमा १५ मत थप गर्दै १३१ मत पाइन्। उता अन्य कोटातर्फ भने एमाले-राप्रपा गठबन्धनबाट उम्मेदवार बनेका राप्रपाका पौडेलले आफ्नो गठबन्धनमा भएको भन्दा १ मत बढि प्राप्त गरे भने स्थानीय तहतर्फ ७ मत पाएनन्। उम्मेदवारी निस्कृय पारेका एमालेका पर्शुराम अधिकारीले प्रदेश सांसद १ जना र स्थानीय तहका ४ जनाको मत प्राप्त गरे।

कोशीको ९३ जना प्रदेशसभामा एमालेका ४०, काँग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, एकीकृत समाजवादीका ४ र जसपाका १ सांसद राष्ट्रियसभाको मतदाता थिए। यस्तै स्थानीय तहतर्फ २७४ मतदातामध्ये काँग्रेसका ११३, एमालेका ११२, माओवादी केन्द्रका ३१, एकीकृत समाजवादीका ७, राप्रपाका ४, जसपाका ४ र स्वतन्त्र ३ मतदाता थिए।

सत्ता गठबन्धनको पर्याप्त मत हुँदाहुँदै आफ्ना उम्मेद्वार पराजित बनेपछि माओवादी केन्द्र काँग्रेससँग असन्तुष्ट बनेको छ। माओवादी कोशी प्रदेशका अध्यक्ष हर्कबहादुर नेम्वाङ (मिक्सो)ले यसअघि गठबन्धनले गरेको निर्णय विपरीत मुख्यमन्त्री बनाउन हिंडेको शक्तिको चलखेलले नै आफ्नो उम्मेद्वारले पराजित हुनु परेको प्रतिक्रिया दिए। 'यो निर्वाचनमा राजनीतिक योजनाका साथ गठबन्धनको उम्मेद्वार हराइएको हो,' उनले भने, 'यसअघि गठबन्धनले गरेको निर्णयअनुसार मुख्यमन्त्री नबनाउन चलखेल गर्ने शक्तिहरुले नै अहिले पनि गठबन्धनका उम्मेद्वार पराजित गर्न योजनाबद्ध ढंगले लागेको देखियो।'

एमाले-राप्रपा गठबन्धनमा पनि धोकाधडी भएको भन्दै राप्रपा असन्तुष्ट बनेको छ। एमालेकी उम्मेद्वार कोइरालाले जित निकाल्दा राप्रपाका उम्मेद्वार उद्धब पौडेलले भने सबै मत पाउन नसकेको राप्रपाले धोका भएको जनाएको छ। राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले कोशी प्रदेशमा एमालेबाट आफूहरुले धोका पाएको प्रतिक्रिया दिएका छन्। हाम्रोमतबाट


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

कुमार पोखरेल (वडा अध्यक्ष)

विराटनगर महानगरपालिका वडा नं. २ को कार्यालय





# मुटुको धड्कन बढ्ने विरामीलाई नोवेलमा राहत

विराटनगर। विराटनगर स्थीत नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलको मुटु रोग विभागमा मुटुको धडकन् बढ्ने विरामीहरुको दीर्घकालिन उपचारको लागि इलेक्ट्रोफिजियोलोजी स्टडी र रेडियोफ्रिक्वेन्सी एब्लेसन सेवा सुरु भए पछि पूर्वी नेपालका यस्ता समस्या भएका विरामीहरुको चाप बढ्न थालेको छ। मुटुको धडकन बढ्ने समस्याको लागि लामो समय औषधी खानु पर्ने र औषधी सेवन गर्दै गए पनि समयान्तरमा औषधी प्रभावकारी नभएको खण्डमा रेडियोफ्रिक्वेन्सी एब्लेसन नै यस्को उपचार भएको र यो सेवा पूर्वमा नै उपलव्ध हुने भएको हुँदा विरामीहरुलाई सहज भएको हो।

मुटुरोग विभागका प्रमुख बरिष्ठ मुटुरोग विशेषज्ञ प्रा. डा. राजेश नेपालका अनुसार हाम्रो मुटुलाई चलाउने जुन प्रणाली छ त्यो विद्युतिय तरङ्गको प्रवाहले हुन्छ। मुटुको माथिल्लो खण्डमा एस ए नोड हुन्छ। त्यहाँबाट विद्युतिय प्रवाह अर्थात मुटुको चाल सुरु भई मुटुको तल्लो खण्ड भन्दा केही माथि रहेको ए भी नोडमा जान्छ। एस ए नोडबाट निस्किएको विद्युतिय तरङ्गको प्रवाहले मुटुको माथिल्लो खण्डलाई खुम्चाउने कार्य गर्दछ भने ए भी नोडबाट बण्डल अफ हिज हुँदै बण्डल ब्रान्चहरुमा विद्युतिय तरङ्ग प्रवाह हुँदा मुटुको तल्लो खण्ड खुम्चिने गर्दछ। एस ए नोड प्राकृतिक पेसमेकर हो र एस ए नोड, ए भी नोड र बण्डल ब्रान्चहरुले गर्दा मुटुलाई चलायमान गर्दछ। तर कसै कसैको ए भी नोड भित्र वा बाहिर विद्युत प्रवाहमा चोर बाटो हुने गर्दछ। यस्तो चोर बाटोले गर्दा विद्युतिय तरङ्गको प्रवाह राम्रो संग हुन नसक्दा मुटुको चाल बढी भई धेरै ढुकढुक हुने गर्दछ।

डा. नेपालले भने मुटुको माथिल्लो खण्डको चाल गडबड हुने समस्यालाई एबचयहथकर्बा क्गउचबखभलतचष्अर्गाबिच त्बअजथअबचमष्ब (पीएसभीटी) भनिन्छ। पीएसभीटीमा मानिसलाई चक्कर लाग्ने र धडकन बढ्ने समस्या भई बारम्बार दुख दिने गर्दछ भने खभलतचष्अर्गाबिच तबअजथअबचमष्ब (भीटी) मा मुटुको तल्लो खण्ड बढी धकधकाउने भएकोले मुटुले शरिरमा पुऱ्याउनु पर्ने रगतको प्रवाहमा कमी हुन जान्छ। यो अवस्थामा मानिस बेहोस हुने र ज्यान नै जान सक्ने हुन्छ। उनका अनुसार विश्वमा करिब १०% मानिसहरुको जन्मजात मुटु चलाउने विद्युतिय तरङ्गको प्रवाहमा चोर बाटो हुने अध्ययनले देखिएको छ। तर ती मध्ये कसै कसैलाई धडकनको समस्या आउने गर्दछ।

मुटुको यस्तो समस्याको परीक्षण तथा उपचार सेवा नोवेलमा रहेको छ। इलेक्ट्रोफिजियो लोजी स्टडी अर्थात ईपी ल्यावले मुटुको परीक्षण गरेर समस्याको अध्ययन गर्न सहज गर्दछ र विरामीको अवस्थाको जानकारी पाइन्छ। नोवेलमा टुडी ( द्दम) म्यापिङ्ग उपलव्ध छ जसको आधारमा मुटुको विद्युतीय तरङ्गको प्रवाहको आधारमा कार्य प्रणालीको अध्ययन गर्न सकिन्छ। रोग पत्ता लागे पछि रेडियोफ्रिक्वेन्सी एब्लेसन प्रविधिबाट मुटुको चालको विद्युतिय प्रवाहको चोर बाटो डाम्ने गरिन्छ। प्रा. डा. नेपालका अनुसार यो सेवा काठमाडौंमा गंगालाल हृदय रोग केन्द्र र ह्याम्समा उपलव्ध छ भने काठमाडौं बाहिर नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलमा मात्र रहेको छ।

मुटु भित्र विद्युतिय तरङ्ग प्रवाहको चोर बाटो कसरी बन्द गरिन्छ त भन्ने प्रश्नमा डा. नेपाल भन्दछन् रेडियोफ्रिक्वेन्सी एब्लेसन प्रविधिमा मानिसको तिघ्रा र घाँटीको नशाबाट क्याथेटर (तार) छिराएर मुटुलाई चलाउने विद्युतिय तरङ्ग प्रवाहको चोर बाटो सम्म पुगी त्यसलाई डाम्ने गरिन्छ। यो अति नै भरपर्दो प्रविधि हो। यसमा विरामीलाई बेहोस पार्नु पर्दैन। अस्पताल बसाई एक दिन मात्र हुन्छ र एक महिनाको औषधी सेवन पछि अरु खानु पर्दैन।

बरिष्ठ मुटु रोग विशेषज्ञ प्रा. डा. सहदेव ढुंगानाका अनुसार मुटु चलाउने विद्युतिय तरङ्गको प्रवाहमा हुने चोरबाटोले गर्दा आउने समस्याको लागि औषधी पनि खान सकिन्छ। यसरी औषधी खानेले आजिवन औषधी सेवन गर्नु पर्छ र औषधीको प्रभाव हुन छोडेमा रेडियोफ्रिक्वेन्सी एब्लेसन नै गर्नु पर्दछ। यो प्रविधिको सक्सेस रेट ९८ प्रतिसत रहेको उनको भनाई छ। यो भर पर्दो भएको र औषधी खाई राख्नु पर्ने, औषधी छुटाउन नहुने बाध्यता पनि हट्ने भएकोले विरामीलाई धेरै सजिलो हुन्छ।

बरिष्ठ इलेक्ट्रोफिजियोलोजिष्ट डा. रोशन राउतका अनुसार अमेरिकन कलेज अफ कार्डियोलोजी र अमेरिकन हार्ट एसोसिएसनले मुटु चलाउने विद्युतिय तरङ्गको प्रवाहमा हुने चोर बाटोको कारण बारम्बार समस्या हुनेलाई औषधी भन्दा रेडियोफ्रिक्वेन्सी एब्लेसन नै गर्न सुझाएको छ। यो नै यस्तो समस्याको सही उपचार पद्धती हो। ईपी ल्यावमा मुटुको जाँच कसरी गरिन्छ भन्ने प्रश्नमा उनले भने यो मुटुको कार्य गर्ने तरिकाको जाँच गर्ने प्रविधि हो। मुटुले सही ढंगबाट कार्य गरेको छ की छैन ? छैन भने के समस्या हो ? यो परीक्षणले थाहा हुन्छ। मुटु भित्र क्याथेटर (तार) हरु छिराएर मुटुको विद्युतीय तरङ्गहरुको एक उपकरणको सहायताबाट अध्ययन गरिन्छ। मुटुको लय गडबडी गर्ने असामान्य विद्युत प्रवाह पत्ता लगाउन र त्यसको सही उपचार निर्धारण गर्न यो प्रविधिको प्रयोग हुन्छ। इलेक्ट्रोफिजियोलोजी स्टडीको दौरान नै रेडियोफ्रिक्वेन्सी एब्लेसन गर्न सकिन्छ। रेडियोफ्रिक्वेन्सी एब्लेसन गर्दा क्याथेटरको सहायताले असामान्य विद्युत प्रवाह गर्ने तन्तुलाई डाम्ने गरिन्छ जसले गर्दा त्यस्ता असामान्य विद्युत प्रवाह रोकिने गर्दछ अर्थात मुटु चलाउने विद्युतिय तरङ्ग प्रवाहमा भएको चोरबाटोलाई डामेर बन्द गरिन्छ।

इलेक्ट्रोफिजियोलोजी स्टडी र रेडियोफ्रिक्वेन्सी एब्लेसन सेवा उपलब्ध भए पछि नोवेल शिक्षण अस्पतालमा मुटुको धडकन असामान्य हुने समस्याका विरामीहरुलाई उपचार सेवा पाउन सहज भएको छ। एकै छाना मुनी सवै प्रकारका विशेषज्ञ विशिष्ट सेवा उपलब्ध हुनुले पूर्वी नेपालका विरामीहरुको रोजाईमा नोवेल नै पर्ने गरेको छ।

# मैथिल सञ्चारकर्मी संघद्धारा सल्लाहकार र गायक सम्मानित



विराटनगर । मैथील सञ्चार कर्मी संघद्धारा एक जना गायक र एक जना सल्लाहकार सम्मानित भएका छन् ।

सम्मानित हुनेहरुमा कोशी प्रदेशका मुख्य मन्त्री केदार कार्कीका प्रेस सल्लाहकार पत्रकार देवनारायण साह र मधेश प्रदेशको मिर्चैया नगरपालिका गायक जुगेस ठाकुर रहेका छन् ।

उनीहरुलाई सम्मान कार्यक्रम का प्रमुख अतिथी एवं मैथिली सेवा समितिका अध्यक्ष फुलकुमार देवले सम्मान पत्र, दोसल्ला, फूलमाल र पाग लगाएर सम्मान गरेका हुन् ।

प्रमुख अतिथी देवले मैथिली भाषाको उत्थानको लागि मैथिली भाषा-भाषीहरुले आफ्नो भाषाको अधिकतम प्रयोग गुर्नपर्ने, भाषा संस्कृति संरक्षणको लागि एकतावद्ध हुनु पर्ने, मैथिली कार्यक्रमहरुमा मैथिली भाषाका प्रयोग गर्नुपर्नेमा जोड दिएका थिए । सम्मान कार्यक्रममा मैथिली अभियन्ता बसुन्धरा झा लगायतको सहभागिता रहेको थियो ।

सो कार्यक्रम मैथिल सञ्चार कर्मी संघका केन्द्रीय अध्यक्ष नवीन कर्णको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रजिअको...

गरिसक्यो, प्रजिअ भन्छन अनि के भयो त? मलाई जवाफ आएको थियो तर आफूलाई सम्हालेर एक्लै फर्कें ।

उदयपुरका प्रजिअ गृहकै क्याडर र अनुभवी थिए। लमजुङका प्रजिअ संसद सेवाबाट पहिलोपटक गृह प्रशासनको अनुभव गर्दै थिए ।

बालकुमारी र बरहथवा घटनामा गोली किन चल्यो, त्यो त छानबिनले खुट्याउने नै छ । तर अब प्रश्न उठ्न सक्छ- प्रहरीलाई प्रजिअको आदेशबिना गोली हान्ने अधिकार छ ? छ ।

आवश्यक वस्तु संरक्षण ऐन, २०१२ ले यो अधिकार दिएको छ । प्रहरी हवल्दार वा त्यसमाथिकाले आवश्यकता अनुसार घुँडामुनि गोली हान्न आदेश दिन सक्ने प्रावधान उक्त ऐनमा छ ।

करिब एक वर्षअघिको घटना, यातायात मजदुरहरूको आन्दोलन भनिएको भिड नियन्त्रणमा प्रहरीले ठीक समयमा बल प्रयोग नगर्दा पसलहरूमा लुटपाट भयो । भिडले प्रहरीका दुइटा गाडी जलायो । उक्त घटनामा बालाजु र सोह्रखुट्टे प्रहरीका प्रमुख रहेका दुई जना डिएसपी स्थिति नियन्त्रणमा लिन नसकेको आरोपमा कारबाहीमा परे ।

परिस्थिति आकलन गरेर आवश्यक बल प्रयोगका लागि आदेश लिन नसक्दा वा बल प्रयोगको जोखिम लिन नसक्दा प्रहरी आफ्नो जिम्मेवारीमा असफल पनि हुन्छ ।

धेरै वर्ष प्रजिअ भएका पूर्वगृहसचिव जयमुकुन्द खनालले परिस्थिति हेरेर कहिलेकाहीँ प्रजिअको आदेशबिना पनि प्रहरीले गोली चलाउन सक्छ, त्यसलाई प्रजिअले समर्थन गर्नुपर्छ भनेका छन् ।

साँच्चै, फिल्डमा खटिएको प्रहरीले शान्ति-सुरक्षा कायम गर्ने सिलसिलामा गरेको कारबाहीको जिम्मा प्रजिअले नलिने हो भने प्रहरीले कसरी काम गर्न सक्छ ?

प्रजिअप्रति प्रहरीको भरोसा कतिसम्म हुन्छ भन्ने बुझ्न आठ वर्षअघि कैलालीको टीकापुरमा थरूहट संघर्ष समितिको आन्दोलनका क्रममा प्रजिअ कार्यालयमा भएको वार्ताको परिणाम हेर्नु सान्दर्भिक हुन्छ । वार्तामा आन्दोलन शान्तिपूर्ण हुने र प्रहरी पनि हतियार नलिई आउने समझदारी भएको थियो। प्रजिअ कार्यालयमा भएको समझदारीमा विश्वास गरेर प्रहरी खाली हात फिल्डमा गयो ।

आखिर समझदारीले काम गरेन । अनियन्त्रित भिडको आक्रमणमा परेर एसएसपीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका आठ जना सुरक्षाकर्मी र एक नाबालक मारिए। शान्ति-सुरक्षाको हकमा प्रजिअ मातहत रहेर उनले अह्राए-खटाए बमोजिम प्रहरी परिचालन हुने भएकाले प्रजिअ कति परिपक्व हुनुपर्छ भन्ने थाहा पाउन टीकापुरको उक्त घटना बलियो दृष्टान्त हो ।

अहिले प्रजिअको नियुक्ति प्रक्रिया र तालिमको बारेमा पनि चर्चा सुरू भएको छ । हाल प्रजिअहरूको तालिम कसरी चल्छ, यसबारे म अनभिज्ञ छु। २०५३ सालतिर म पुलिस एकेडेमीमा कार्यरत हुँदा भने प्रजिअहरूको तालिममा मेरो पनि भूमिका थियो। तालिममा प्रजिअहरूलाई प्रहरीको डांग्री लगाएर भिड नियन्त्रण गर्न र गोली हान्नसमेत अभ्यास गराइन्थ्यो। त्यस्तो तालिममा प्रजिअ भएर जिल्ला जान लागेकाहरूले प्रहरीलाई नजिकबाट बुझ्ने अवसर पनि पाउँथे ।

प्रहरी तालिममा पनि स्थानीय प्रशासनसँगको सहकार्यबारे जानकारी गराइन्छ। करिब ३० वर्षअघिको कुरा, म पूर्वक्षेत्रीय सशस्त्र प्रहरी गण, विराटनगरमा प्रहरी हवल्दार र जवानहरूको लागि भिड नियन्त्रण तालिम चलाउँदै थिएँ । एक दिन प्रहरीले भिड नियन्त्रण गर्दा बल प्रयोग गर्ने प्रक्रियाबारे स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्थाबारे कुरा गर्दै थिएँ ।

भिड नियन्त्रणका क्रममा परिस्थितिअनुसार लाठी चार्जदेखि घुँडामुनि गोली हान्नसम्म प्रजिअले लिखित आदेश दिनुपर्ने र लिखित दिन नभ्याए, मौखिक आदेश दिएर २४ घन्टाभित्र लिखित समर्थन जनाउनुपर्ने बारे बताएँ ।

त्यसम्बन्धमा एक प्रहरी जवानले हात उठाएर गरेको प्रश्नले मेरो मथिंगल हल्लाएको थियो ।

उनले सोधेका थिए-मौखिक आदेशमा गोली चलाउँदा स्थिति ठिकै भयो भने त प्रजिअले लिखित समर्थन जनाऊलान् तर स्थिति बिग्रियो वा विवाद भयो भने प्रजिअ पन्छिने प्रयास गर्न सक्छन्, यस्तो अवस्थामा के हुन्छ ?

उक्त प्रश्नमा सबै सहभागीले समर्थन जनाए ।

जबाफमा मैले भनेँ- त्यसरी सोच्न हुँदैन, सबैभन्दा ठूलो कुरा भरोसा र विश्वास हो, विश्वासमा काम गर्नुपर्छ ।

मेरो जबाफले उनीहरूको चित्त बुझेन ।

ती जवानले फेरि अर्को प्रश्न गरे- मानौं, गोली नचलाई भएन र तपाईंले चलाउनुभयो तर विवाद सिर्जना भएर प्रजिअ जिम्मेवारीबाट पन्छिए, तपाईं के गर्नुहुन्थ्यो ?

म झसंग भएँ। साँच्चै म के गर्थें होला !

प्रहरी लगायतका फौजी संस्थाहरू आदेशमा चल्छन् । आफूभन्दा माथिका कमान्डरले आदेश दिएपछि किन, कसरी, कसले भन्ने नसोची आदेश पालना हुन्छ। सबैभन्दा तल्लो जवानदेखि माथिल्लो अधिकारी सम्मलाई मैले आदेश पालना गर्दा उत्पन्न परिणामको जिम्मेवारी आदेशकर्ताले नै लिन्छ भन्ने विश्वास हुन्छ। यही विश्वासका भरका फिल्डमा काम हुन्छ ।

प्रहरी र प्रजिअबीच राम्रो समन्वय र प्रस्ट निर्देशनले राम्रो परिणाम दिन्छ भन्ने दृष्टान्तका रूपमा हालै काठमाडौंमा मेडिकल व्यवसायी दुर्गा प्रसाईं र नेकपा एमालेको प्रदर्शनलाई लिन सकिन्छ । ती प्रदर्शनमा हिंसात्मक झडप हुन सक्ने सम्भावनामा काठमाडौं प्रहरी र प्रशासनको सक्रियता र काठमाडौंका प्रजिअको प्रस्ट सूचनाले राम्रो परिणाम दियो । दुई पक्षको समन्वयले कुनै अप्रिय घटनाबिना भिड नियन्त्रण भयो ।

कानुनले शान्ति-सुरक्षा खलबलिने सक्ने अवस्थामा प्रजिअ वा उनले खटाएको अधिकृत घटनास्थल (फिल्ड) मा हुनुपर्छ भनेको छ तर सामान्यतया उनीहरू देखिँदैनन् । प्रजिअ वा उनले खटाएको अधिकृत घटनस्थलमा हुने हो भने आपसमा राम्रो समन्वय हुन सक्छ। अप्रिय घटना हुने सम्भावना कम हुन्छ ।

(श्रेष्ठ नेपाल प्रहरीका अवकाशप्राप्त डिएसपी हुन्। उनी हाल ब्रिटिस प्रहरीको ह्याम्प्सायर पुलि कन्स्टेबुलरीका सल्लाहकार छन् ।) सेतोपाटीबाट


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

बासु बहादुर बस्नेत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ३ को कार्यालय


# कम्बल नधोएर लगातार प्रयोग गर्दा हुने समस्या

जाडोबाट जोगिन हामी हतार-हतार तन्ना-सिरकमा घुसिहाल्ने गरेका छौं । जाडोमा ज्यान तताउने यी कपडाको सरसफाइ भने कम हुने गर्छ। किनभने बाक्लो लुगा जाडोमा सुक्न निकै समय लाग्छ। त्यसैले हरेक हप्ता धोएर ओढ्न कल्पना समेत गरिदैन ।

जाडोमा कम्तिमा तीन देखि चार महिना ओढिने सिरक आफैं अस्वस्थ भएको हामीलाई थाहा हुँदैन। नियमित प्रयोगका कारण ब्याक्टेरिया र जर्म्स यसमा आउन थाल्छन्। त्यसैले सिरक-कम्बल, स्विटर, सल र ज्याकेट नियमित सफा राख्न जरुरी हुन्छ।

सफा नगरेर लगातार सिरक-कम्बल प्रयोग गर्दा के हुन सक्छ त ? भारतको मेदान्ता मेडिसिटी अस्पतालका वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ डा रमणजीन सिंह भन्छन्, 'त्यहाँ रहेको धुलोमैलोका कारण फंगल वा ब्याक्टेरियल इन्फेक्सनको खतरा रहन्छ ।'

जाडो सुरु हुनुभन्दा पहिले सिरकले घाम देख्न पाउँछ तर त्यसपछि लगातार प्रयोग गर्दा वातावरणमा रहेको धुलोमैलो यहाँ जम्न थाल्छ । कतिपय अवस्थामा तातोकै कारण पसिना समेत आउँछ। जुन त्यहीँ टासिन्छ । यसले फंगस हुर्किन मद्दत गर्छ । प्रयोगपछि खुला हावामा छाड्ने भन्दा पनि हामी पट्याउनतिर लाग्छौं । जसले पसिनाको ओसिलो सुक्दैन, त्यसले फंगसलाई फैलिन सहयोग मिल्ने डा सिंह बताउँछन् ।

उनका अनुसार सिरक-कम्बलबाट निस्किने धुवाँ गाडीबाट निस्किने धुवाँजस्तै हानिकारक हुन्छ ।

मैलो सिरकका कारण हुन सक्ने समस्या :

- रातिको समय शरीर चिलाउने
- सुत्नेबित्तिकै खोकी वा हाछ्यु आउने
- बिहान-बिहानै टाउको दुखाइ र ज्वरोको महशुस
- शरीरमा स-साना बिबिरा वा दागहरु आउन थाल्नु
- घाटीको दुखाइ तथा इन्फेक्सन

# चौथो बर्जु माघी महोत्सव

विराटनगर । चौथो थारु महोत्सवको अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले थारू संस्कृति गौरबको संस्कृति भएकोले प्रदेश सरकारले संरक्षण गर्ने बताएका छन् ।

थारू कल्याणकारणी सभाले मंगलबार आयोजना गरेको चौथो बर्जु माघी महोत्सवमा मुख्यमन्त्री कार्कीले थारू संस्कृति अतिक्रमित भइरहेकोले संरक्षण गर्दै अन्तर्राष्ट्रियकरण गर्नु आवश्यक रहेको वताएका हुन् ।



थारू संस्कृतिलाई गौरवपूर्ण बनाऔं र यसको अन्तर्राष्ट्रियकरण गरौं, उनले भने, थारू संस्कृति यो प्रदेशको ठूलो सम्पति हो, यसलाई मास्न दिनुहुँदैन । थारू समुदायको घरको भित्तामा महिलाहरूले बनाउने चित्र सम्पति भएकोले त्यसलाई मासिन नहुने मुख्यमन्त्री कार्कीले आग्रह गरेका छन् ।

थारू संस्कृति, समाजको कथा र व्यथा झल्किने भित्ता भएको घरलाई थारू होमस्टे बनाएर बाहिरबाट आएका मान्छेलाई मेजवानी राखौं, उनले भने, होमस्टेमा आउने पाहुनालाई थारू परिकार, नृत्य, गीत, कथा, कहानी, गौरवमय इतिहास सुनाउनुका साथै चित्रकला, थारूको ग्राम थानलगायतका संस्कृतिको अध्ययन गराउनु पर्छ जसले थारू संस्कृतिका साथै प्रदेश र देशको गौरव बढाउँछ ।

प्रदेश सरकारले सम्पूर्ण थारू, राजबंशीलगायतका आदिवासी, जनजाति, अल्पसंख्यकको भाषा, संस्कृति संरक्षण, सम्बर्धन, अध्ययन, अनुसन्धान र विकासका लागि फाल्गुनन्द भाषा, संस्कृति अध्ययन प्रतिष्ठान गठनका लागि बजेट विनियोजन गरेर काम अघि बढाएको उनले बताएका हुन् ।

महाभारतकालको पौराणिक ईतिहास बोकेको बर्जु पछि परेकोले प्रदेश सरकारले विराटनगरसँग जोडेर सहरको रूपमा विकास गर्न केसलीयाको दुबै किनारमा सडक निर्माण गर्न गइरहेको मुख्यमन्त्री कार्कीले बताएका छन् ।


ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।